प्रति साधारण शेयर रु.१००/- अंकित दरको २८,९३,३१३ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

Gurkhas Finance Limited
गोर्खाज फाइनान्स लि.
Your Financeial Friend
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
वडा नं. ३३, डिल्लीबजार, काठमाण्डौ, फोन नं.: ४४३७४०१ फ्याक्स नं.: ४०११५२५
इमेलः info@gurkhasfinance.com.np, वेवसाइटः www.gurkhasfinance.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७४/२/१ गते
निष्काशन बन्द हुने मितिः २०७४/३/४ गते
(बैंकिंग समय पश्चात्)

२ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.५७,८६,६२,५००/- को दुई शेयर बराबर नयाँ एक शेयर (२ : १) को अनुपातमा रु.१००/- अंकित दरका २८,९३,३१३ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/१/१९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम: गोर्खाज फाइनान्स लिमिटेड (Gurkhas Finance Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३३, डिल्लीबजार, काठमाडौंमा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने स्थान काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३३, डिल्लीबजार, काठमाडौंमा रहेको छ । साथै यसको अलावा वित्तीय संस्थाले बौद्ध, न्युरोड, सातदोबाटो, सूर्य विनायक, धरान, इटहरी, दमक, विर्तामोड, नारायणगढ र जनागल आदि स्थानहरुमा आफ्नो शाखा कार्यालयहरु स्थापना गरि वित्तीय कारोबार गर्दै आईरहेको छ । साथै नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

साविक काठमाण्डौं फाइनान्स लिमिटेड कम्पनी ऐन, २०२१ (संशोधन सहित) अन्तर्गत २०५१ साल श्रावण ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०५१/७/२० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५१/७/२४ गते देखि वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, कानून तथा व्यापार/व्यवसायको साथै ब्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । मिति २०७२/१२/२८ मा साविकको गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. र साविकको काठमाण्डौ फाईनान्स लिमिटेड विच विधिवत रुपमा समायोजन (Merge) गरि गोर्खाज फाइनान्स लिमिटेडको नामबाट एकिकृत कारोबार गरि आएको ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

१) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यावसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, र
४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :

(क) अधिकृत पूँजी : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : यस वित्तीय संस्थाको जारी पूँजी रु. ८६,७९,९३,८००/- (अक्षरेपी छयासि करोड उनासि लाख त्रियानब्बे हजार आठ सय) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा ८६,७९,९३८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : यस वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५७,८६,६२,५००/- (अक्षरेपी सन्ताउन्न करोड छयासि लाख बासठ्ठी हजार पाँच सय) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा ५७,८६,६२५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८६,७९,९३,८००/- (अक्षरेपी छयासि करोड उनासि लाख त्रियानब्बे हजार आठ सय) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाका चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भूक्तानी प्रतिशत
(क)	संस्थापक	४९,९१,९९४	५७.५१%	४९,९१,९९,४००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	३६,८७,९४४	४२.४९%	३६,८७,९४,४००/-	शतप्रतिशत
	जम्मा	८६,७९,९३८	१००%	८६,७९,९३,८००/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव
१.	श्री महेन्द्र लाल राई ललितपुर-३, धोबीघाट (संस्थापक समूह)	अध्यक्ष	५७	नेपाली	४५६३२ (कित्ता)	जि.एच.सि.इ/ हङ्गकङ्ग	- बेलायती सेनामा १८ बर्ष काम गरी अवकास प्राप्त (Geaso को संस्थापक महासचिव) । - इ.सं. २००६ देखि हालसम्म बृटिस गोर्खा भिलेज ग्रुप प्रा.लि.मा अध्यक्ष ।
२.	श्री प्रेम बहादुर खापुङ का.म.न.पा.-१६, बालाजु (संस्थापक समूह)	संचालक	६०	नेपाली	२२३४० (कित्ता)	एम.वि.ए. (व्यापार प्रशासनाचार्य) एम.पि.ए. (जन प्रशासन) एम.ए.(अर्थशास्त्र)	- नेपाल सरकारको सेवामा ३२ बर्षको अनुभव गरी सहसचिवबाट अवकास प्राप्त । - २ बर्ष प्रमुख जिल्ला अधिकारी ।
३.	श्री यादव चन्द्र राई कोटेश्वर, काठमाण्डौ (संस्थापक समूह)	संचालक	५०	नेपाली	४७३१ (कित्ता)	एम.ए. (अंग्रेजी)	- बेलायती सेनामा १८ बर्ष काम गरी अवकास प्राप्त । - वि.स. २०६२ साल देखि हालसम्म ग्रामर पब्लिक हाईस्कुलमा संचालक ।
४.	श्री चोक बहादुर मगर यसम-४, ओखलढुंगा (संस्थापक समूह)	संचालक	४८	नेपाली	६२१ (कित्ता)	स्नातक (कानून) स्नाकोत्तर (समाजसास्त्र)	- अधिवक्ता व्यवसायमा १५ वर्षको अनुभव ।
५.	श्री वीरेन्द्र विक्रम लिम्बु बाँसबारी, काठमाण्डौ (सर्वसाधारण समूह)	संचालक	४८	नेपाली	२१२९६ (कित्ता)	एस.एल.सी.	- २६ बर्ष सिङ्गापुर प्रहरीमा सेवा गरी एएसपिबाट अवकास प्राप्त । - SepacTakrow खेलको पुर्वाञ्चल अध्यक्ष, Singapore Ex Gurkhas Foundation को संयोजक ।
६.	श्री राजगोविन्द राजकर्णिकार धोबीघाट, ललितपुर (सर्वसाधारण समूह)	संचालक	५४	नेपाली	८३३७ (कित्ता)	एम.वि.ए. (व्यापार प्रशासनाचार्य)	- दुग्ध विकास संस्थानमा ३० बर्ष सेवा गरी व्यवस्थापक पदबाट अवकास प्राप्त । हाल विभिन्न व्यापार तथा व्यवसायमा संलग्न ।
७.	श्री राजेन्द्र कुमार राई कोटेश्वर, काठमाण्डौ (सर्वसाधारण समूह)	संचालक	५८	नेपाली	४७६९ (कित्ता)	एस.एल.सी.	- बेलायती सेनाबाट अवकास प्राप्त । - ग्रामर फाउण्डेशन प्रा.लिको बोर्ड सदस्यमा विगत ८ वर्ष देखि संलग्न ।

नोटः हाल नेपाल राष्ट्र बैंकले कायम गरेको विशेषज्ञ संचालक-१ (एक) जना नियुक्त हुन बाँकी रहेकोछ ।

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : श्री राज कुमार राई **स्थायी ठेगाना :** बासिखोरा-२ भोजपुर **योग्यता :** सिए, बि.कम.

अनुभव : यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको पदमा हालः ल.पु.उ.म.न.पा.-१७, ललितपुर, सातदोबाटो निवासी श्री राजकुमार राई यस संस्थामा विगत ३ वर्ष देखि कार्यरत हुनुहुन्छ । नीजले यस अधि फर्स्ट माइक्रोफाइनान्स लि.को संचालक समितिमा रहि करिब ३ वर्ष कार्य गरिसक्नु भएको छ । निजले चार्टर्ड एकाउन्टेन्ट उपाधि हासिल गर्नुभएको छ ।

८. संचालक समितिको बनौट :

यस वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
बैक तथा वित्तीय संस्था सम्बन्धि कानूनमा उल्लेख भएबमोजिम व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक ।	१ जना
जम्मा	८ जना

नोटः व्यवसायिक विशेषज्ञबाट १ जनाको प्रतिनिधित्व हुन बाँकि रहेको ।

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु. ५७,८६,६२,५००/- को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् हाल कायम २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर)को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. २८,९३,३१,३००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २८,९३,३१३ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरि कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरि आवेदन दिन सक्नेछन् । हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछन् । यसरी माथिल्लो शेयर कित्ताको लागी आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरि बाँडफाँट गरिनेछ । शेयरधनीले आफुले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. संगठित संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			*आ.ब. ०७३/०७४ पौष मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. शेयर पूँजी	१८८,६५८	२२६,६४१	५७९,४८२	५७९,४८२	८६७,९९४	८६७,९९४	८६७,९९४
२. जगेडा तथा कोषहरु	३८,८९३	४०,६४९	२११,६२८	२९२,१८२	४३५,०२८	६१६,२९५	८१७,८४३
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	५६२,१६७	१,२४४,१५१	३,०२२,७६५	३,३९९,८७२	४,०००,०००	५,०००,०००	६,५००,०००
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	७१६	६७७	-	-	-	-	-
८. आयकर दायित्व	-	१,३५१	-	२,१०५	१,३८६	१,६०३	२,३८४
९. अन्य दायित्व	२४,९९९	३१,०१०	६८,१५१	९२,८७७	१०४,८९८	१०४,५६७	११६,५६५
कुल पूँजी तथा दायित्व	८१५,४३३	१,५४४,४७९	३,८८२,०२६	४,३६६,५१८	५,४०९,३०६	६,५८७,४५९	८,३०४,७८६

सम्पत्ति	वास्तविक (रु. हजारमा)			*आ.ब. ०७३/०७४ पौष मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. नगद मौज्दात	४,७१६	६,५५८	८९,६४१	१०४,६६६	१४९,७९९	१८२,३८०	२३९,०३१
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४०,११७	२१,६५०	११२,९७५	७३,२४०	९६,०००	१२०,०००	१५६,०००
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	३,६९६	४९,०७१	४,८६४	७,२०८	१०,१४३	१२,४११	१५,२७८
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	२५७,९८३	३६०,२५८	१,०५०,५७०	८४०,०१३	१,०९८,२६३	८७२,४७५	९५३,५४३
५. लगानी	५३,०१२	७२,८२३	१८७,१५३	२०२,९१४	३३४,८९७	३३२,५००	४१३,७५०
६. कर्जा सापट तथा बिल खरिद	४३८,६०५	१,०१०,४९४	२,१५९,४५४	२,८९१,८६६	३,५१७,८८४	४,८९६,३७५	६,३७८,४५०
७. स्थिर सम्पत्ति	४,७२४	१२,०९२	६३,५७२	६२,३१३	७९,३५६	८३,६६४	८५,७८०
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१२,५८०	११,५३३	२१३,७९७	१८४,२९८	१२२,९६४	८७,६५४	६२,९५४
कुल सम्पत्ति	८१५,४३३	१,५४४,४७९	३,८८२,०२६	४,३६६,५१८	५,४०९,३०६	६,५८७,४५९	८,३०४,७८६

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			*आ.ब. ०७३/०७४ पौष मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. ब्याज आम्दानी	७१,२९४	१०९,०८७	२२५,३४१	२३३,५०७	४९१,१२४	५९७,४५६	७७८,०५६
२. ब्याज खर्च	५१,२१८	७०,६६९	११६,८८७	१०१,९२४	२३०,४११	३१४,०१५	४०९,५९०
खुद ब्याज आम्दानी	२०,०७६	३८,४१८	१०८,४५४	१३६,८११	२६०,७१३	२८३,४४१	३६८,४६६
३. कमिशन तथा डिस्काउण्ट	२५४	२२७	१३६	१०५	२७५	९००	१,६२५
४. अन्य संचालन आम्दानी	६,३२२	१३,३०५	१९,८४४	१५,६५७	३२,९०५	३९,०३२	४४,६१३
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	२६,६५२	५१,९५०	१२८,४३४	१६७,८८२	२९३,८९३	३२३,३७३	४१४,७०४
६. कर्मचारी खर्च	८,६०९	१२,८३७	२५,७५२	१८,२३९	४६,००३	६७,१०९	७९,५१६
७. अन्य संचालन खर्च	१०,१२८	१५,३०७	३२,८४४	२२,५४४	४७,४९४	५३,८८८	५९,७३०
८. सटही घटबढ नोक्सान	-	-	२	-	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अघिको संचालन मुनाफा	७,९१५	२३,८०६	६९,८३६	१०६,५६२	२००,३९५	२०२,३७६	२७५,४५८
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	७,६९७	११,६००	५७,६१५	१४६,६७९	१९,०८२	२१,५०९	१७,९२५
संचालन मुनाफा/(नोक्सान)	२१८	१२,२०६	१२,२२१	(४०,११७)	१८१,३१३	१८०,८६७	२५७,५३३
१०.गैर संचालन आम्दानी/(नोक्सान)	१९,०९१	३,६२२	१२,७०८	११,४१५	१२,६३५	१०,९५०	९,७७५
११.सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	४,७१८	१०,७६४	२०४,३९७	२३२,७४८	२२६,०२५	७९,७३८	२९,०७९
नियमित कारोबारबाट भएको मुनाफा	२४,०२७	२६,५९२	२२९,३२६	२०४,०४६	४१९,९७३	२७१,५५५	२९६,३८८
१२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	-	-	(८०,७३१)	(४२,५९६)	(४२,५९६)	५,०००	१०,०००
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	२४,०२७	२६,५९२	१४८,५९५	१६१,४५०	३७७,३७७	२७६,५५५	३०६,३८८
१३.कर्मचारी बोनस व्यवस्था	२,१८४	२,४१७	१३,५०९	१४,६७७	३४,३०७	२५,१४१	२७,८५३
१४.आयकर ब्यबस्था	६,५३३	६,९६३	१३९,६९०	३९,७५०	९३,१९९	६८,९७५	७३,९८७
यस वर्षको	६,३५१	७,३६९	२,९८४	१६,८०९	२७,७१२	३२,०५५	४७,६७७
गत वर्षको	४५	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	१३७	(४०६)	१४२,६७४	२२,९४१	६५,४८७	३६,९२०	२६,३१०
खुद मुनाफा/(नोक्सान)	१५,३१०	१७,२१२	२७४,७७६	१०७,०२३	२४९,८७०	१८२,४३९	२०४,५४८
सेयर संख्या (हजारमा)	१,७००	१,८३८	५,७८७	५,७८७	८,६८०	८,६८०	८,६८०
प्रति सेयर आम्दानी (रु.)	९.००	९.३७	४७.४८	१८.४९	२८.७९	२१.०२	२३.५६

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			*आ.ब. ०७३/०७४ पौष मसान्त	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चुक्ता पूँजी	१७०,०५३	१८३,७७६	५७८,६६२	५७८,६६२	८६७,९९४	८६७,९९४	८६७,९९४
जगेडा तथा कोषहरु	५२,४९७	५३,५१३	२११,६२८	२९२,१८२	४३५,०२८	६१३,२९५	८१७,८४३
कुल	२२२,५५०	२३७,२८९	७९०,२९०	८७०,८४४	१,३०३,०२२	१,४८१,२८९	१,६८५,८३७
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	(१,११३)	(९०४)	-	-	-
कुल नेटवर्थ (१)	२२२,५५०	२३७,२८९	७८९,१७७	८६९,९४०	१,३०३,०२२	१,४८१,२८९	१,६८५,८३७
शेयर संख्या (हजारमा)	१,७००	१,८३८	५,७८७	५,७८७	८,६८०	८,६८०	८,६८०
प्रति शेयर नेटवर्थ (रु.)	१३०.९१	१२९.१७	१३६.३७	१५०.३३	१५०.१२	१७०.६६	१९४.२२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	६.८८%	७.२५%	३४.८२%	१२.३०%	१९.१८%	१२.३२	१२.१३
निष्काशन पूर्वको प्रति सेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					३८.२१%		

नोटः (१) आ.व.२०७०/७१, आ.व.२०७१/७२ र आ.व.२०७२/७३ को लेखा परीक्षण गरिएको वित्तीय विवरणमा प्रस्तुत गरीएको नेटवर्थ गणना गर्दा अग्रिम भुक्तानी (Calls in Advance) लाई पनि चुक्ता पूँजीमा समावेश गरिएको तर माथी गणना गरिएको नेटवर्थमा उक्त अग्रिम भुक्तानीलाई समावेश नगरेको हुनाले वित्तीय विवरणमा प्रस्तुत गरिएको प्रति शेयर नेटवर्थ र माथि प्रस्तुत गरिएको प्रति शेयर नेटवर्थ फरक पर्न गएको ।
(२) निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृदि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल गणना गर्दा आ.व.२०७२/७३ को अग्रिम भुक्तानी (Calls in Advance) लाई समावेश नगरिएको ।

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा वाइ.आर.पी.एण्ड एशोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट्स श्री युवराज पाण्डे, पुतलिसडक, काठमाण्डौं रहेको छ ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

१) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
३) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने एक्कासी परिवर्तनबाट वित्तीय संस्थाको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
४) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
५) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
६) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
७) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
८) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
९) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
१०)राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास २० (बीस) वर्ष भन्दा बढी रहेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (Demat Account/BOID No.) भएका आवेदकहरुलाई अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका आवेदन दिंदा आफ्नो डिम्याट खाता (Demat Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (Demat) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (Demat) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१५. यस वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७०/०७१	१९१	१०५	१८८	४३.१८
०७१/०७२	२०४	१२४	१४१	२९४.७६
०७२/०७३	-	-	-	-

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
मङ्सीर	-	-	-	-
पौष	-	-	-	-
माघ	-	-	-	-

द्रष्टव्यः यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ । साथै आ.व ०७०/०७१ तथा ०७१/०७२ मा साविकको काठमाण्डौ फाइनान्स लि.को शेयर कारोबार देखाईएको तथा आ.व ०७२/०७३ तथा २०७३ मङ्सीर, पौष र माघ महिना मा साविकको गोर्खा डेभलपमेन्ट बैंक र साविकको काठमाण्डौ फाइनान्स लि. समायोजन भै गोर्खाज फाइनान्स लि.को नाममा शेयर कारोबार नभएको ।

१६. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र यस वित्तीय संस्थाको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(१) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(२) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको ।
(३) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(४) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(५) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(६) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(७) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय संस्थाको पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको ।
२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप बाईसौं वार्षिक साधारण सभाबाट २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी वित्तीय संस्थाको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न ।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	तरलता व्यवस्थापन (३० प्रतिशत)	८,६७,९९,३९०/-
२.	कर्जा लगानी (७० प्रतिशत)	२०,२५,३१,९१०/-
	जम्मा	२८,९३,३१,३००/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२४५८८

उपरोक्त निष्काशन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा पन्ध्र दिन सम्मका धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. श्री गोर्खाज फाइनान्स लिमिटेडको रजिष्टर्ड कार्यालय (केन्द्रीय) काठमाण्डौं जिल्ला का.म.न.पा. डिल्लीबजार तथा शाखा कार्यालयहरुः बौद्ध, न्युरोड, सातदोबाटो, सूर्य विनायक, धरान, इटहरी, दमक, विर्तामोड, नारायणगढ र जनागल ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिनेछैन ।

हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईविएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com र गोर्खाज फाइनान्स लिमिटेडको बेवसाइट www.gurkhasfinance.com.np बाट डाउनलोड गरि भरेर पठाउन सकिने छ ।

२४. संचालक तथा आधाभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वित्तीय संस्थाको संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापत बुझाउनु पर्ने रकम रु. १,८३,४०,३००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

Gurkhas Finance Limited
गोर्खाज फाइनान्स लि.
Your Financeial Friend
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
वडा नं. ३३, डिल्लीबजार, काठमाण्डौ, फोन नं.: ४४३७४०१ फ्याक्स नं.: ४०११५२५
इमेलः info@gurkhasfinance.com.np, वेवसाइटः www.gurkhasfinance.com.np

मितिः २०७४ / /

को

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

कोड नं. ☐☐☐

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
गोर्खाज फाइनान्स लिमिटेड
डिल्लीबजार, काठमाडौं, नेपाल ।

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/१/१९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा............... कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७४/१/१९ गते सम्ममा कायम साविकको शेयर संख्या		लिन चाहेको शेयर संख्या	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		हक हस्तान्तरणबाट लिन चाहेको शेयर संख्या	
जम्मा शेयर संख्या (अंकमा)		जम्मा शेयर संख्या (अंकमा)	
अक्षरमा		अक्षरमा	

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको हितग्राही नं.			
हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.			
प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल	गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole	VDC/Municipality	
जिल्ला	P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District		Mobile/phone No.	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's Name			
पति/पत्नीको नाम			
Husband/Wife's Name			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (Incase of minor)			

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कालेे भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	GURKHAS FINANCE LIMITED				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date:
Stamp

DP ID	
Client ID	

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com